# धरान उपमहानगरपालिकाको
# आर्थिक वर्ष २०८१/०८२ को बजेट वक्तव्य

**सभाध्यक्ष ज्यू,**

आदरणीय नगर सभा सदस्यज्यूहरु

१. सङ्घीय लोकतान्त्रीक गणतन्त्र नेपालको राज्य पुनर्संरचना पश्चात दोश्रो कार्यकालको लागि सम्पन्न भएको स्थानीय तहको निर्वाचन २०७९ बाट निर्वाचित भए पश्चात हामीले कार्यारम्भ गरेको दुई वर्ष पुरा भई सकेको छ। हाम्रो कार्यकालको तेश्रो बजेटको रुपमा धरान उपमहानगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम नगर कार्यपालिकाको निर्णय अनुसार यस नगर सभामा प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुश गरेको छु ।

२. यो अवसरमा नेपालको अग्रगामी राजनीतिक परिवर्तनका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने विभिन्न कालखण्डमा भएका जनआन्दोलन, मधेश आन्दोलन, जनयुद्ध र अन्य विभिन्न खाले न्यायपूर्ण आन्दोलनमा सहादत प्राप्त गर्नु हुने महान शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।साथै घाईते अपाङ्ग योद्धाहरु प्रति सम्मान व्यक्त गर्दै वेपत्ता योद्धाहरु प्रति सलाम व्यक्त गर्दछु।

३. हामीले धरान उपमहानगरपालिकाको नेतृत्व लिइ रहेको अहिलेको अवस्थामा नगरवासीहरुको विकासप्रतिको असिमित आकांक्षाहरु छन्।हामिसंग भएको सिमित स्रोतसाधनको अत्त्युतम् रुपमा परिचालन गर्दै नगरवासीलाई प्राथमिकताको आधारमा उपमहानगरपालिकाबाट प्राप्त सेवासुविधाको प्रभावकारीता प्रदर्शन गरी परिवर्तनको अनुभूती गराउने प्रयास गरेका छौं।

४. चालु आ.व.को बजेट तयार गर्दा नेपालको संविधान, अन्य प्रचलित संघीय तथा प्रदेश कानून, नेपाल सरकारको १६ औं योजना, दीर्घकालीन विकास लक्ष्य, दिगो विकास लक्ष्य, नेपाल सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम, यस उपमहानगरपालिकाको दीर्घकालिन विकास लक्ष्य, विगत वर्षहरुका नीति तथा कार्यक्रमहरुलाई मार्गदर्शनको रुपमा लिंदै आम नगरवासीको चाहना, अभिमत र अपेक्षालाई केन्द्रविन्दुमा राखी स्रोतको उपलब्धताको आधारमा द्रुत गतिमा विकास प्रतिफल हाँसिल गर्दै सामाजिक न्यायको प्रबर्द्धन गर्ने गरी बजेट विनियोजन प्रस्ताव गरिएको छ।

**सभाध्यक्ष महोदय,**

अब म चालू आ.व.२०८०/०८१ को संक्षिप्त समिक्षा प्रस्तुत गर्न अनुमती चाहन्छु।

**आयतर्फ :**

५. आर्थिक वर्ष २०८०/०८१ मा आन्तरिक स्रोतबाट रु. ४२ करोड ९७ लाख ६ हजार, संघीय सरकार समानीकरण अनुदानबाट रु. ३० करोड ५२ लाख, सशर्त अनुदानबाट रु. ५० करोड ३३ लाख ८३ हजार, विशेष अनुदानबाट रु. ३ करोड २० लाख र समपुरक अनुदानबाट रु.६ करोड सहित जम्मा रु. ९० करोड ५ लाख ८ हजार, प्रदेश सरकारबाट समानिकरण अनुदानबाट रु. २ करोड १ लाख ९२ हजार, शसर्त अनुदानबाट रु. १ करोड २५ लाख, समपुरक अनुदानबाट रु. २ करोड सहित प्रदेश सरकारबाट जम्मा रु. ५ करोड २६ लाख ९२ हजार, संघीय राजस्व बाँडफाँटबाट रु. २० करोड १३ लाख १२ हजार र प्रदेश राजस्व बाँडफाँटबाट १४करोड १० लाख ९० हजार गरी यस उपमहानगरपालिकाले चालु आ.व.को लागि गरेको शुरु अनुमानमा संघ सरकार र प्रदेश

सरकारबाट थपघट भई आएको रकम समेत समावेश गरी रु. १ अर्ब ७२ करोड ५३ लाख ८३ हजार कूल बजेट हुन आएको छ ।

६. आर्थिक वर्ष २०८०/०८१ को जेष्ठ मसान्तसम्म आन्तरिक स्रोत तर्फ २६ करोड ६९ लाख ६४ हजार २ सय ७९, (अनुमानको ६२.१३%), संघीय सरकार अनुदान रु. ८३ करोड ६५ लाख ८८ हजार ६ सय २८ (अनुमानको ९२%), प्रदेश सरकार अनुदान रु. ३ करोड ४३ लाख ९२ हजार २ सय ९० ( अनुमानको ६५.२७%) र संघीय राजस्व राजस्व बाँडफाँडबाट १४ करोड ७३ लाख ६० हजार २१ रुपैंया (अनुमानको ७३.१९%) र प्रदेश राजस्व बाँडफाँटबाट रु. ७ करोड ९५ लाख १५ हजार १ सय ५२ रुपैंया (अनुमानको ५८.३५%) गरी कूल रकम रु. १ अर्ब ३६ करोड २६ लाख ३७ हजार ९ सय ८३ रुपैंया १० पैसा (अनुमानको ७८.९७%) प्राप्त भएको छ।

<u>व्यय तर्फः</u>

७. चालु आर्थिक वर्षमा व्यय तर्फ संशोधनसहित रु. १ अर्ब ७२ करोड ५३ लाख ८३ हजार कूल अनुमान गरिएकोमा जेष्ठ मसान्तसम्म यथार्थ खर्च रु. ९७ करोड ५० लाख ७६ हजार २ सय ८४ रुपैंया १४ पैसा भई लक्ष्यको ५६.५१% मात्र वित्तीय प्रगति भएको छ। त्यसमध्ये चालुतर्फ रु. ६७ करोड ३९ लाख ९८ हजार ८ सय २२ रुपैयाँ ४४ पैसा (अनुमानको ६५.०३%), पूँजीगततर्फ रु. २८ करोड ४६ लाख १९ हजार ३ सय ७५ रुपैयाँ ७९ पैसा (४३.४६%) र वित्तीय व्यवस्थातर्फ रु. १ करोड ६४ लाख ५८ हजार ८५ रुपैयाँ ९१ पैसा (अनुमानको ४८.३१%) वित्तीय प्रगति भएको जानकारी गराउन चाहन्छु।

## अब म आ.व.२०८१/०८२ को बजेट सम्बन्धमा संक्षेपमा प्रस्तुत गर्न चाहन्छु।

<u>बजेटका उद्देश्य :</u>

८. धरान उपमहानगरको आर्थिक समृद्धि र नगरवासीको समुन्नती एवम् सुखको लागि दीगो र उच्च प्रतिफल दिने आयोजनाहरु पहिचान गरी नागरिक एवम् सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्दै प्रभावकारी कार्यान्वयन मार्फत आधुनीक शिक्षा, स्वास्थ्य र पूर्वाधार सुविधा सम्पन्न बहुसाँस्कृतिक सहरको पहिचान कायम गर्ने बजेटको मूल उद्देश्य रहेको छ। बजेटका क्षेत्रगत उद्देश्यहरु निम्न अनुसार उल्लेख गरेको छु।

**क्षेत्रगत उद्देश्यः**

**क) खानेपानी र सरसफाईः**

स्वच्छ र सफा सहरको निर्माण र खानेपानी समस्याको तात्कालिन व्यवस्थापन गर्ने र दीर्घकालिनका समाधानका आधारहरु स्थापना गर्ने।

ख) **आर्थिक विकासः**

आधुनिक प्रविधिमा आधारीत कृषि तथा व्यवसायीक पशु पालनमा विस्तार र कृषि तथा वनजन्य उद्योगहरुको स्थापना गर्दै व्यवसायीकरण र जिविको पार्जनमा सुधार ल्याउने।

ग) **सामाजिक विकास :**

अपाङ्ग, दलित, जेष्ठ नागरिक, महिला तथा बालबालिका, भुमीहिन तथा सुकुम्वासीहरुको सामाजिक संरक्षण र सुरक्षा प्रबर्द्धन गर्ने।

घ) **पूर्वाधार विकास :**

दिगो, वातावरण मैत्री, गुणस्तरीय र मौलिक साँस्कृतिक पहिचान सहितका सहरी पूर्वाधार निर्माण गर्ने।

ङ) **वन, वातावरण तथा विपद् ब्यबस्थापन :**

विपद उत्थानशील कार्यक्रमहरु सञ्चालन गर्ने, पार्क तथा सडकहरुको हरियाली सौन्दर्यकरण र राष्ट्रिय तथा सामुदायिक वनको संरक्षण गर्ने, सिमसार तथा जलाधार क्षेत्रको संरक्षण गर्ने।

च) **सुशासन तथा संस्थागत विकास :**

विकेन्द्रित एवम् विद्युतीय शासन प्रणाली मार्फत नगरवासीलाई प्रभावकारी सेवा प्रवाह, कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकास गर्ने।

९. **बजेटका प्राथमिकताहरुः**

आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटका प्राथमिकताहरु निम्नानुसार रहेका छन्।

१. पूर्वाधार विकास

२. शिक्षा, स्वास्थ्य तथा सामाजिक विकास

३. पर्यटन

४. कृषि

५. विपद व्यवस्थापन

**क्षेत्रगत विनियोजन**

**सभाध्यक्ष महोदय,**

अब म आगामी आ.व. २०८१।०८२ को ब्ययको क्षेत्रगत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

१०. **वडागत बजेटतर्फः**

उपमहानगरका २० वटै वडाहरुको लागि प्रशासनिक, कार्यक्रम तथा पूँजिगत तर्फ आन्तरिक श्रोतबाट कूल जम्मा रु. २१ करोड विनियोजन गरेको छु। यसका अतिरिक्त यस आ.व.मा सम्झौता तथा कार्यक्रम सम्पन्न भई भुक्तानी हुन नसकेका क्रमागत आयोजनाहरुको लागि थप ३ करोड विनियोजन गरेको छु।

११. **शहरी योजना तथा भौतिक पूर्वाधार विकास तर्फः**

सहरी योजना तथा भौतिक पूर्वाधार विकासको लागि शशर्त अनुदान तर्फ रु. ८ करोड ७३ लाख २९ हजार समेत कूल रु. ४५ करोड ८२ लाख २९ हजार विनियोजन गरेको छु।

**१२. शिक्षा, युवा तथा खेलकुद तर्फः**

शिक्षा युवा तथा खेलकुद तर्फ सशर्त अनुदान रु. ४३ करोड ८६ लाख ९५ हजार समेत जम्मा रु. ४६ करोड २६ लाख ९५ हजार विनियोजन गरेको छु।

**१३. स्वास्थ्यतर्फः**

स्वास्थ्यतर्फ घोषित विभिन्न नीति तथा कार्यक्रमलाई संवोधन गर्न सशर्त अनुदान रु. ७ करोड ६३ लाख ८४ हजार समेत जम्मा रु. ८ करोड ३ लाख ८४ हजार बजेट बिनियोजन गरेको छु।

**१४. सामाजिक विकासतर्फः**

सामाजिक समावेशीकरण, सकरात्मक विभेद तथा लक्षित कार्यक्रमहरु संचालन गर्न जम्मा रु. ४ करोड ४१ लाख बजेट बिनियोजन गरेको छु।

**१५. आर्थिक विकासतर्फः**

अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि, पशु, सहकारी र उद्योग सम्बन्धी विभिन्न कार्यक्रमा संचालन गर्न सशर्त अनुदान रु. १ करोड १५ लाख ४४ हजार समेत कुल जम्मा रु. १ करोड ८४ लाख ९४ हजार बजेट बिनियोजन गरेको छु।

**१६. वन वातावरण उर्जा तथा विपद ब्यबस्थापन तर्फः**

वताबरण, उर्जा, जलबायु अनुकुलनका कार्यहरु, बिपद ब्यबस्थापनको पुर्व तयारी सम्बन्धी लगायतका काम र विपद् व्यवस्थापन कोषको लागि आन्तरिक स्रोताबाट व्यहोरिने कुल जम्मा रु. १ करोड ४० लाख बजेट बिनियोजन गरेको छु।

**१७. पर्यटन तर्फः**

धार्मिक, सांस्कृतिक तथा बहुजातीय बिबिधतायुक्त धरानलाई पर्यटकीय गन्तब्य स्थलको रुपमा विकास गर्न छनौट भएका कार्यहरुका लागि कुल जम्मा रु. २७ लाख ५० हजार र सशर्त अनुदान समेत गरी रु. ९० लाख ५० हजार बजेट बिनियोजन गरेको छु।

**१८. सुचना तथा संचार तर्फः**

लोकतन्त्रको संवाहकको रुपमा रहेको सुचना तथा संचार क्षेत्रको विकासका लागि आन्तरिक स्रोतबाट जम्मा रु. २५ लाख ५० हजार बजेट बिनियोजन गरेको छु।

**१९. कानून तथा न्याय सम्पादन तर्फः**

कानून तथा न्याय सम्पादन तर्फ आन्तरिक स्रोतबाट रु. १० लाख बजेट बिनियोजन गरेको छु।

**२०. सार्वजनिक जग्गा संरक्षणतर्फः**

नगर क्षेत्रभित्र रहेका बिभिन्न सार्वजनिक जग्गा संरक्षण सम्बन्धी कार्यक्रम संचालन आन्तरिक स्रोतबाट रु. २० लाख बजेट बिनियोजन गरेको छु।

२१. **राजस्व परिचालन तर्फः**

राजस्व सुधार तथा संस्थागत क्षमता विकास अन्तर्गत नगरको आन्तरिक स्रोत परिचालन गरी क्रमशः आत्म निर्भर हुदै जाने नीति अनुरुप राजस्व सुधार कार्यक्रमको लागि आन्तरिक स्रोतबाट रु. २३ लाख बिनियोजन गरेको छु।

२२. **वडा पूर्वाधार निर्माण कार्यक्रम तर्फः**

वडा पूर्वाधार निर्माण कार्यक्रमको लागि वडागत बजेटका अतिरिक्त नगरस्तरीय बजेटबाट रु. १ करोड ७० लाख र चालु आ.व.का अधुरा योजना कार्यान्वयन गर्न रु.३ करोड समेत गरी रु.२५ करोड ७० लाख बजेट विनियोजन गरेको छु।

२३. **प्रमुख भिजन, उपप्रमुख भिजन र कार्यक्रम तर्फः**

यस अन्तरगत नगरको दीर्घकालीन सोचलाई परिलक्षित गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न प्रमुख भिजनको लागि रु. ५ करोड, प्रमुख कोष तर्फ रु. १ करोड ८० लाख, उपप्रमुख भिजनको लागि रु. ३ करोड र उपप्रमुख कोष तर्फ रु. ७५ लाख विनियोजन गरेको छु।

२४. **आ.व. २०८१/०८२ को वडागत बजेट विवरण**

| वडा नं. | बजेट सीमा |
|---|---|
| १ | ७७,३४,५६९.०० |
| २ | ६९,१९,२९३.०० |
| ३ | ६८,७९,१०३.०० |
| ४ | १,११,०३,४८३.०० |
| ५ | १,१६,१२,५५२.०० |
| ६ | १,१०,६७,७५९.०० |
| ७ | ६६,२१,३७९.०० |
| ८ | १,३५,४०,३७९.०० |
| ९ | ७४,३९,८४५.०० |
| १० | ७९,१९,५६९.०० |
| ११ | १,२६,२४,९४८.०० |
| १२ | ७६,६३,१२१.०० |
| १३ | १,०७,७६,८६२.०० |
| १४ | ८१,४६,०३४.०० |
| १५ | १,९०,८७,८२८.०० |
| १६ | १,१४,२८,८२८.०० |
| १७ | १,६२,९३,६९०.०० |
| १८ | ८१,९७,०६९.०० |
| १९ | १,११,१४,९६६.०० |
| २० | १,३८,२८,७२४.०० |
| **कूल जम्मा** | २१,००,००,०००.०० |

**२५. आ.व. २०८१/०८२ को नगर कार्यपालिका तर्फको बजेट विवरणः**

| | | |
|---|---|---|
| क. | नगर सभाबाट विनियोजन हुने (निशर्त) बजेट रु. | १,०३,९६,४०,२८०/- |
| ख. | सशर्त अनुदानबाट प्राप्त हुने बजेट रु. | ५६,७८,०८,०००/- |
| ग. | समपुरक अनुदानको बजेट | ४,०४,००,०००/- |
| घ. | विशेष अनुदानबाट प्राप्त हुने बजेट रु. | ३,६५,००,०००/- |
| | **कूल जम्माः** | **१,६८,४३,४८,२८०/-** |

**सभाध्यक्ष महोदय,**
**सभासद् मित्रहरु**

२६. माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनको गर्न चालु, पूँजीगत र वित्तीय व्यवस्था समेतको लागि कूल जम्मा रु. १ अर्ब ८९ करोड ४३ लाख ४८ हजार २८० मात्र विनियोजन गरेको छु।

२७. आगामी आर्थिक वर्षको लागि खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु. ४८ करोड ४१ लाख ३४ हजार २८०, संघीय सरकार अनुदानबाट रु. ८९ करोड १९ लाख, प्रदेश सरकार अनुदान रु. ६ करोड ४० लाख ६४ हजार, सङ्घीय राजस्व बाँडफाँटबाट रु. २१ करोड ३४ लाख, प्रदेश राजस्व बाँडफाँटबाट रु. २४ करोड ८ लाख ५० हजार प्राप्त हुने अनुमान गरेको छु।

अन्तमा आ. व. २०८१/०८२ को बजेट तथा कार्यक्रम तर्जुमा कार्यमा संलग्न राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, विभिन्न विषयगत समितिहरु, सबै वडा समितिहरु, बजेट तथा कार्यक्रमका लागि अमूल्य राय सुझाव उपलब्ध गराउने राजनीतिक दल, प्राज्ञीक वर्ग, पत्रकार, नगरका गन्यमान्य व्यक्तित्वहरु, नगर कार्यपालिका सदस्यहरु, नगर सभाका सदस्यहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु। सम्पूर्ण कर्मचारी र सरोकारवालामा धन्यवाद ज्ञापन गर्दछु। साथै यो कार्यक्रम तथा बजेटको सफल र प्रभावकारी कार्यान्वयनमा समेत सबैको साथ सहयोगको सदा झैं अपेक्षा गर्दछु। सबैमा हार्दिक धन्यवाद। जय धरान।

अइन्द्रबिक्रम बेघा
उपप्रमुख एवम् संयोजक
बजेट तर्जुमा समिति
२०८१ आषाढ ३१